# सुरक्षण - यौन उत्पीडन, शोषण र दुर्व्यवहारको रोकथाम




## सुरक्षण (SAFEGUARDING)

सुरक्षण (Safeguarding) भन्नाले सबै अवस्थामा हरेक व्यक्तिलाई हानी, दुर्व्यवहार र शोषणबाट जोगाउनु हो। विशेषगरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा विपन्न र सिमान्तकृत समुदायका मानिसहरू बढी जोखिममा हुने भएकाले उनीहरूको सुरक्षा झन् महत्वपूर्ण हुन्छ। केयर नेपालले हरेक व्यक्तिले सुरक्षित महसुस गर्ने अधिकार राख्दछन्, सबैलाई सम्मान, समानता र मर्यादाका साथ व्यवहार गरिनुपर्छ, र कुनै पनि प्रकारको दुर्व्यवहार स्वीकार्य छैन भन्ने मान्यता राख्दछ। केयर नेपालले सबै प्रकारका दुर्व्यवहार विरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को नीति अपनाएको छ।

# PREVENTION OF SEXUAL HARASSMENT, EXPLOITATION, AND ABUSE (PSHEA) भनेको के हो?

PSHEA भन्नाले यौन उत्पीडन, यौन शोषण र यौन दुर्व्यवहार रोकथाम गर्नु हो। कुनै पनि प्रकारको दुर्व्यवहार केयर नेपालको लागि मान्य छैन र केयर नेपालको कार्य क्षेत्रमा यसलाई कडाइका साथ निषेध गरिएको छ।

## यौन उत्पीडन (SEXUAL HARASSMENT)




यौन उत्पीडन (Sexual Harassment) भन्नाले अनावश्यक र असहज बनाउने यौन प्रकृतिका व्यवहारहरू हुन्। जस्तै कार्यस्थलमा अनुपयुक्त ठट्टा गर्नु, आपत्तिजनक सन्देश पठाउनु वा समुदायमा अश्लील टिप्पणी गर्नु यौन उत्पीडन अन्तर्गत पर्दछन्।

## यौन शोषण (SEXUAL EXPLOITATION)




यौन शोषण (Sexual Exploitation) भन्नाले आफ्नो शक्ति वा पदको दुरुपयोग गरी रोजगारी, सेवा वा सहायताको सट्टामा यौन प्रस्ताव/माग गर्नु हो।

## यौन दुर्व्यवहार (SEXUAL ABUSE)



यौन दुर्व्यवहार (Sexual Abuse) भन्नाले जबरजस्ती वा बिना सहमति कुनै पनि यौन प्रकृतिको शारीरिक कार्य वा अतिक्रमण गर्नु हो, जुन कार्यस्थल वा समुदाय दुवै स्थानमा हुन सक्छ। जस्तै नराम्रो तरिकाले छुने, बलात्कार, यौनिक नियतले सुम्सुमाउने।

## शारीरिक दुर्व्यवहार (PHYSICAL ABUSE)



शारीरिक दुर्व्यवहार (Physical Abuse) भन्नाले जानाजानी कसैको शरीरमा भौतिक चोट पुर्याउनु हो। जस्तै, लाभग्राहीलाई मुक्का हान्नु, लात हान्नु, धक्का दिनु वा सामानले हिर्काउनु।

## भावनात्मक दुर्व्यवहार (EMOTIONAL ABUSE)




भावनात्मक दुर्व्यवहार (Emotional Abuse) भन्नाले शब्द वा व्यवहारबाट कसैको भावना वा आत्मसम्मानमा चोट पुर्याउनु हो। जस्तै, सहकर्मीलाई होच्याउनु, नियन्त्रणमा राख्नु, एक्लो बनाउनु वा नराम्रो व्यवहार गर्नु ।

## उपेक्षा (NEGLECT)



उपेक्षा (Neglect) भन्नाले कार्यक्रमका सहभागीहरूको आधारभूत आवश्यकताहरू पूरा गर्न असफल हुनु हो। जस्तै, खाना, पानी र आश्रय उपलब्ध नगराउनु, सेवाहरू प्रदान गर्न ढिलाइ गर्नु वा बालबालिकालाई बिना निगरानी छोड्नु।

## बाल दुर्व्यवहार (CHILD ABUSE)



बाल दुर्व्यवहार (Child Abuse) भन्नाले बालबालिकालाई कुनै पनि प्रकारले हानि पुर्याउनु हो, जसमा शारीरिक, भावनात्मक क्षति वा उपेक्षा पर्दछन्। जोखिमयुक्त बालश्रम, बालविवाह, बालबालिकालाई अश्लील सामग्री देखाउनु आदि बाल दुर्व्यवहारका उदाहरण हुन्।

# सुरक्षण का सात सिद्धान्तहरू

सुरक्षणका सात सिद्धान्तहरू यस प्रकार छन्:


**१**

**दुर्व्यवहारप्रति शून्य सहनशीलता**




**२**

**आफ्ना कार्यप्रति जवाफदेही हुनु**



**३**

**कसैलाई हानि नगर्नु**




**४**

**गोपनीयता कायम राख्नु**



**५**

**प्रभावित केन्द्रित दृष्टिकोण अपनाउनु**



**६**




**७**

**सुरक्षित र सहज रिपोर्टिंग प्रणाली सुनिश्चित गर्नु**




यी सिद्धान्तहरूले सधैं सुरक्षित, सम्मानजनक र जिम्मेवार व्यवहारको अपेक्षा गर्दछ। केयर नेपालको सुरक्षण (Safeguarding) नीति कर्मचारी र साझेदारहरूले प्रदर्शन गर्ने व्यवहारप्रति केन्द्रित छ।

# केयर नेपालका कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूबाट अपेक्षित व्यवहार

## गर्नुपर्ने व्यवहार

✓ सबैसँग सम्मानित, समानतामा आधारित र मर्यादित व्यवहार गर्ने



✓ समुदायका सबैसँग स्पष्ट व्यावसायिक सीमा कायम राख्ने




✓ सुरक्षित र सम्मानजनक वातावरण बनाउने र गलत व्यवहारलाई चुनौती दिने




✓ यौन उत्पीडन, शोषण र दुर्व्यवहार सम्बन्धी शंका वा जानकारी तथा आचार संहिता उल्लंघनका बारे तुरुन्तै रिपोर्ट गर्ने



# केयर नेपालका कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूबाट अपेक्षित व्यवहार

## गर्नुपर्ने व्यवहार

✓ गोपनीयता कायम राख्ने र सूचना केवल जिम्मेवार व्यक्तिलाई मात्र दिने




✓ प्रभावितलाई समानुभुती देखाउनु र उनीहरूको गोपनीयता तथा निर्णयको सम्मान गर्ने




✓ नाबालक/नाबालिकासँग सम्बन्धित फोटो वा कुनै पनि प्रकारको अन्तरक्रिया गर्नुअघि अभिभावक वा सम्बन्धित व्यक्तिबाट अनिवार्य रुपमा उचित सहमति लिने




✓ बालबालिकाहरूसँग काम गर्दा साथमा वयस्कको उपस्थिती रहेको कुरा सुनिश्चित गर्ने



# केयर नेपालका कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूबाट अपेक्षित व्यवहार

## गर्न नहुने व्यवहार

कुनै पनि प्रकारको यौन उत्पीडन, शोषण वा दुर्व्यवहार गर्ने



कार्यक्रमका लाभग्राही वा समुदायका सदस्यसँग यौन वा प्रेम सम्बन्ध राख्ने



सेवा, पैसा वा सहयोगको सट्टामा व्यक्तिगत वा यौनको माग गर्ने



आफ्नो पद, शक्ति वा प्रभाव प्रयोग गरी अरूलाई नियन्त्रण, धम्की वा हानी गर्ने



# केयर नेपालका कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूबाट अपेक्षित व्यवहार

## गर्न नहुने व्यवहार


बालबालिका र सिमान्तकृत व्यक्तिहरूलाई भविष्यमा यौन शोषण गर्ने उद्देश्यले विश्वास जित्ने (GROOMING)




बालबालिका (१८ बर्ष भन्दा कम उमेरका) सँग सहमति भएपनि कुनै पनि रूपमा यौन गतिविधिमा संलग्न हुनु




बालबालिका वा कमजोर व्यक्तिसँग असुरक्षित अवस्थामा एक्लै बस्ने



कुनै पनि सुरक्षण सम्बन्धी घटना बेवास्ता गर्ने, लुकाउने वा रिपोर्ट नगर्ने



# केयर नेपालका कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूबाट अपेक्षित व्यवहार

## गर्न नहुने व्यवहार

### अस्वीकृत स्पर्श गर्ने



### अनावश्यक तथा अश्लील फोनकल गर्ने




### अनावश्यक र व्यक्तिगत प्रश्नहरू सोध्ने




### कसैको शरीरबारे टिप्पणी गर्ने



# घटना रिपोर्ट नगर्नु

घटना रिपोर्ट नगर्नु केयर नेपालको नीतिको गम्भीर उल्लंघन हो र यसले अनुशासनात्मक कारवाही निम्त्याउन सक्छ।





**यौन वा सामाजिक रूपमा शोषणकारी र दुर्व्यवहारपूर्ण व्यवहारमा शून्य सहनशीलता**





हाम्रा कर्मचारी, साझेदार वा अन्य सम्बन्धित कर्मचारीले कसैलाई पनि यौनउत्पीडन, शोषण, दुर्व्यवहार र बालशोषण गरेको पाइएमा सो असह्य हुने छ भन्नेमा हामी स्पष्ट छौं।”

# अपेक्षित व्यवहार पालना नभएमा के गर्ने ?

यदि केयर नेपाल र साझेदारका कर्मचारी, र केयर नेपालमार्फत समुदायमा जोडिएका सम्बन्धित व्यक्तिहरुबाट अपेक्षित व्यवहार पालना भएन भने तुरुन्तै रिपोर्ट गर्नुपर्छ । रिपोर्ट भएपछि केयर नेपालले दुर्व्यवहारका सबै घटनालाई गम्भीरतापूर्वक लिन्छ र निष्पक्ष रूपमा छानबिन गर्छ।

# रिपोर्ट कसले गर्न सक्छ ?

दुर्व्यवहारको रिपोर्ट कसैले पनि गर्न सक्छ। जस्तै, प्रभावित व्यक्ति, समुदायका सदस्य, परिवार, कर्मचारी, सामाजिक परिचालक वा कुनै पनि व्यक्ति जसले दुर्व्यवहारका घटना देखेको वा सुनेको छ।



# रिपोर्ट कसरी र कहाँ गर्ने

## केयर नेपालको सुरक्षण

सम्पर्क व्यक्ति - मानव संसाधन तथा
संस्थागत संस्कृति प्रमुख

## कार्यक्रम निर्देशक वा परियोजना व्यवस्थापक

तपाईंलाई विश्वास लागेको परियोजनाका कर्मचारी
वा सम्बन्धित व्यक्तिलाई भन्न सक्नुहुन्छ ।



## ETHICSPOINT

www.care.ethicspoint.com

## केयर नेपाल हटलाइन

सेफगार्डिङ्ग हटलाइन
+९७७-९८०१९७०८७०

npl.complaint@care.org

# सुझाव

हामी तथा हाम्रा साझेदार संस्थाहरूको कामसम्बन्धी कुनै सुझाव वा गुनासो भएमा, कृपया तल उल्लेखित नम्बरहरूमा सम्पर्क गर्नुहोस्।

टोल फ्री नेपाल टेलिकम प्रयोगकर्ताकालागि निसुल्क (टोल–फ्री)नम्बर: १६६००१७००१७

NCELL प्रयोगकर्ताका लागि हटलाइन नम्बर: ९७७–९८१८७६५२७७

ईमेल ठेगाना npl.complaint@care.org  मा ईमेल पनि गर्न सक्नुहुनेछ ।

सुझाव पेटिका

"हामी तपाईंबाट सुन्न चाहन्छौं, तपाईंलाई हाम्रो बारेमा के मन पर्छ र के मन पर्दैन भन्नुहोस्, तपाईंको प्रतिक्रियाले हामीलाई हाम्रो काम बढाउन र सुधार गर्न मद्दत गर्नेछ"

Email: npl.complaint@care.org

रिपोर्ट गर्ने व्यक्तिले नाम नखुलाई रिपोर्ट गर्न सक्नेछन्। नाम खुलाए पनि व्यक्तिको गोपनीयता सुरक्षित राखिनेछ। राम्रो नियतले रिपोर्ट गर्ने व्यक्तिलाई कुनै सजाय हुनेछैन।



# रिपोर्ट भएपछि के हुन्छ ?

रिपोर्ट भएपछि केयर नेपालले जानकारी गोप्य राख्छ र गोप्य रुपमै न्यायिक अनुसन्धान अगाडी बढाउँछ। सबैभन्दा पहिले प्रभावितको सुरक्षा सुनिश्चित हुन्छ। निष्पक्ष र पेशागत छानबिन हुन्छ र आवश्यक भएमा स्वास्थ्य, मनोपरामर्श तथा कानुनी सहयोगको लागि समन्वय गर्दछ। दुर्व्यवहार भएको प्रमाणित भएमा कडा कारबाही गरिन्छ। केयर नेपालले कुनै पनि प्रकारको प्रतिशोध स्वीकार गर्दैन र सधैं निष्पक्ष रूपमा काम गर्छ।

